श्री

# डडेल्धुरा जिल्ला अदालत

## डडेल्धुरा

प.सं:-२०७४/०७५

च.नं:-

फोन:- ०९६-४२०४८३

फ्याक्स:- ०९६-४२०१३०

मिति २०७५।२।४

विषय:- दण्ड जरिवानाको छुट सम्वन्धी अत्यन्त जरुरी सूचना ।

यस अदालत तथा अन्य अदालतको अन्तिम फैसला बमोजिम बिभिन्न व्यक्तीहरुलाई बिभिन्न मुद्दामा लागेको दण्ड जरिवाना , सरकारी बिगो र कोर्ट फी समेतको लगत यस अदालतमा कायम रहेको हुँदा उक्त लगत असुल हुन बाँकी रहेको दण्ड जरिवाना , सरकारी बिगो र कोर्ट फी आदीको बाँकी बक्यौता बुझाउन ल्याउन हुन सम्वन्धित लगतवाला व्यक्तीहरुका लागी मिति २०७५।१।३१ का केन्द्रिय लगत कट्टा समितिको निर्णयानुसार सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १३५(१) को प्रयोजनका लागी मुलुकी ऐन दण्ड सजायको महलको २४ नं.को अधिनमा रही अन्तिम फैसला बमोजिम कायम भएको कैद, जरिवाना र सरकारी बिगोको यो सूचना प्रकाशन भएको मितिले २०७५ साल श्रावण मसान्त भित्र बुझाउन आएमा यो नियमावलीको नियम १३५ को खण्ड (क) (ख) (ग) बमोजिम छुट दिई लगत कट्टा गरिने व्यहोरा सम्वन्धित सबैका लागी यो सूचना प्रकाशित गरिएको छ ।

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम१३५(१)को खण्ड (क) (ख) (ग) मा तपसिल बमोजिम छुट दिई लगत कट्टा गर्न सकिने व्यवस्था छ ।

१. सूचना प्रकाशन भएको मितिले ५० बर्ष भन्दा अघिको अन्तिम फैसला बमोजिमको लगतमा ७५ प्रतिशत ।

२. सूचना प्रकाशन भएको मितिले ३० बर्ष भन्दा अघि ५० वर्ष सम्मको अन्तिम फैसला बमोजिमको लगतमा ५० प्रतिशत ।

३. सूचना प्रकाशन भएको मितिले २० बर्ष भन्दा अघि ३० बर्ष सम्मको अन्तिम फैसला बमोजिमको लगतमा २५ प्रतिशत ।

नोट:- थप जानकारीका लागी यस अदालतको फोन नं. ०९६-४२०४८३ मा सम्पर्क गर्नुहोला ।

गणेश चन्द्र भट्ट
(तहसिलदार)